# वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिको लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९

मन्त्रालयबाट स्वीकृत मितिः २०७९/०८/२५

**<u>प्रस्तावना</u>** : वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका नेपाली नागरिकको लागि योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम सामाजिक सुरक्षा योजना सञ्चालन गर्न वाञ्छनीय भएकोले,

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा ७० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कोषले यो कार्यविधि बनाएको छ।

## परिच्छेद—१

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस कार्यविधिको नाम "वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिको लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिले नब्बेऔँ दिनदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "ऐन" भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "दुर्घटना" भन्नाले कुनै एक वा एक भन्दा बढी कारणबाट योगदानकर्तालाई शारीरिक वा मानसिक चोट पटक वा आघात पुग्न गएको अवस्था सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।

सामाजिक सुरक्षा कोष

(ङ) “वैदेशिक रोजगारमा रहेको श्रमिक” भन्नाले विदेशमा श्रमिकको रुपमा काम गर्ने नेपाली नागरिक सम्झनु पर्छ।

(च) “विदेशमा स्वरोजगारमा रहेका व्यक्ति” भन्नाले विदेशमा स्वरोजगार रहेको नेपाली नागरिक सम्झनु पर्छ।

सामाजिक सुरक्षा कोष

## परिच्छेद-२

## सूचीकरण सम्बन्धी व्यवस्था

३. **सामाजिक सुरक्षा योजनामा आबद्ध हुन सक्ने :** (१) योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी हुन चाहने वैदेशिक रोजगारमा रहेको श्रमिकले यो कार्यविधि प्रारम्भ भएपछि र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिले नियमावलीको नियम ४ बमोजिम मन्त्रालयले तोकेको मितिदेखि कोषमा सूचीकृत हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कोषमा सूचीकृत हुनको लागि नियमावलीको अनुसूची-२ बमोजिमको ढाँचामा कोषको कार्यालय वा कोषले तोकेको निकाय, कार्यालय वा कोषको अनलाइन प्रणालीबाट निवेदन दिनु पर्नेछ।

(३) वैदेशिक रोजगारमा रहेको श्रमिकले उपदफा (२) बमोजिम निवेदन दिँदा देहाय बमोजिमको विवरण खुलाउनु पर्ने तथा कागजात संलग्न गर्नु पर्नेछ :-

(क) श्रमिकको नेपाली नागरिकता वा राहदानीको प्रतिलिपि,

(ख) श्रम स्वीकृतिको प्रतिलिपि,

तर श्रम स्वीकृति आवश्यक नपर्ने मुलुकमा रोजगारीमा रहेको वा जाने श्रमिकले आफुले विदेशको कुन स्थान र कम्पनीमा श्रम गर्ने हो सो को विवरणको अनुसूची बमोजिमको ढाँचामा स्वघोषणा र कम्पनीको नियुक्तिपत्र भएमा त्यसको प्रतिलिपि पेश गरे पुग्नेछ।

(ग) आफूले श्रम गर्न जान लागेको देश, रोजगारदाता कम्पनी र ठेगाना,

(घ) नेपालमा सम्पर्क गर्ने व्यक्तिको नाम थर, ठेगाना, नाता, सम्बन्ध र सम्पर्क।

(४) विदेशमा स्वरोजगारमा रहेका व्यक्तिले उपदफा (२) बमोजिम निवेदन दिँदा देहाय बमोजिमको विवरण खुलाउनु पर्ने तथा कागजात संलग्न गर्नु पर्नेछ :-

(क) स्वरोजगारमा रहेको व्यक्तिको नेपाली नागरिकता वा राहदानी र भिसाको प्रमाणित प्रतिलिपि,

तर नेपाली नागरिकलाई भिसा आवश्यक नपर्ने मुलुकमा स्वरोजगारमा रहेको भए नेपाली नागरिकता वा राहदानीको प्रमाणित प्रतिलिपि पेश गरे पुग्नेछ।

(ख) स्वरोजगार सम्बन्धी पेशा वा व्यवसाय दर्ताप्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

सामाजिक सुरक्षा कोष

(ग) पेशा वा व्यवसायको नाम तथा त्यस्तो पेशा वा व्यवसाय गरेको ठेगाना तथा सम्पर्क नम्बर, र

(घ) कोषमा सूचीकृत भएपछि आफूले मासिक रुपमा गर्ने योगदानको रकम।

(५) योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी हुन चाहने वैदेशिक रोजगारमा रहेको श्रमिक वा विदेशमा स्वरोजगारमा रहेका व्यक्तिले आफू कार्यरत रहेको वा स्वरोजगार गरी बसेको मुलुकबाटै उपदफा (३) वा (४) बमोजिमका कागजात तथा विवरणको विद्युतीय प्रति संलग्न गरी अनलाईन प्रणाली मार्फत सूचीकरणको लागि निवेदन दिन सक्नेछ।

(६) उपदफा (२) वा (५) बमोजिम निवेदन परेमा कोषले सो उपर आवश्यक जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा वैदेशिक रोजगारमा रहेका श्रमिक वा विदेशमा स्वरोजगारमा रहेका व्यक्तिलाई कोषमा सूचिकृत गरी नियमावलीको अनुसूची-४ बमोजिमको ढाँचामा सामाजिक सुरक्षा परिचयपत्र उपलब्ध गराउनु पर्नेछ।

तर विदेशमा रहेर उपदफा (५) बमोजिम निवेदन गर्ने वैदेशिक रोजगारमा रहेका श्रमिक वा विदेशमा स्वरोजगारमा रहेका व्यक्तिलाई कोषबाट अनलाईन प्रणाली मार्फतनै त्यस्तो सामाजिक सुरक्षा परिचयपत्र उपलब्ध गराईने छ।

(७) उपदफा (५) बमोजिम परिचयपत्र प्राप्त व्यक्ति ऐनको दफा ५ को उपदफा (१) बमोजिम निर्धारण गरिएको योगदान रकम कोषमा जम्मा गरी सामाजिक सुरक्षा योजनामा सहभागी हुन सक्नेछ।

४. **श्रम स्वीकृति लिँदाको अवस्थामा सूचीकरण गर्न सकिने**: (१) यो कार्यविधि प्रारम्भ भएपछि योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी हुन चाहने वैदेशिक रोजगारीमा जाने श्रमिकले त्यस्तो रोजगारीमा जान प्रचलित कानून बमोजिम श्रम स्वीकृति लिँदा कोषमा सूचीकृत हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचीकृत गराउने सम्बन्धमा मन्त्रालयसँग समन्वय गरी कोषले आवश्यक सहयोग तथा सहजीकरण गर्नेछ।

## परिच्छेद-३

## <u>सामाजिक सुरक्षा योजनाको सञ्चालन तथा सुविधाको सीमा</u>

५. **<u>सामाजिक सुरक्षा योजना सञ्चालन गर्ने</u>**: (१) कोषले वैदेशिक रोजगारमा रहेको श्रमिक वा विदेशमा स्वरोजगारमा रहेका व्यक्तिका लागि देहाय बमोजिमका सामाजिक सुरक्षा योजना सञ्चालन गर्नेछ :-

(क) दुर्घटना तथा अशक्तता सुरक्षा योजना,

(ख) आश्रित परिवार सुरक्षा योजना,र

(ग) वृद्ध अवस्था सुरक्षा योजना

(२) वैदेशिक रोजगारमा रहेको श्रमिक वा विदेशमा स्वरोजगारमा रहेका व्यक्ति ऐन, नियमावली तथा यस कार्यविधि बमोजिम कोषमा सूचीकृत भई कोषमा योगदान गरी उपदफा (१) बमोजिमका सामाजिक सुरक्षा योजनामा सहभागी हुन सक्नेछन्।

६. **<u>योगदान रकम र सोको बाँडफाँट</u>**: (१) वैदेशिक रोजगारमा रहेको श्रमिक वा विदेशमा स्वरोजगारमा रहेका व्यक्तिले नेपाल सरकारले औद्योगिक क्षेत्रका श्रमिकको लागि तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको कम्तीमा एक्काईस दशमलव तेंत्तीस प्रतिशत योगदान गर्नु पर्नेछ र यस्तो योगदान रकम कोषले देहाय बमोजिमका योजनाहरुमा देहाय बमोजिम बाँडफाँट गर्नेछ :-

(क) दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा सात दशमलव अठ्चालीस प्रतिशत,

(ख) वृद्ध अवस्था सुरक्षा योजनामा तेह्र दशमलव पचासी प्रतिशत।

(२) वैदेशिक रोजगारमा रहेको श्रमिक वा विदेशमा स्वरोजगारमा रहेका व्यक्तिले योजनामा औद्योगिक क्षेत्रका श्रमिकको लागि तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको बढीमा तीन गुणासम्म योगदान गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको रकम योगदान गर्ने योगदानकर्ताले वृद्धावस्था सुरक्षा योजनामा उपदफा (१) को खण्ड (ख) अनुसारको रकमवाट मासिक रुपमा सोही उपदफाको खण्ड (क) वमोजिमको रकम समायोजन हुने गरी निवेदन दिन सक्नेछ। यसरी निवेदन दिएमा कोषले सो बमोजिम रकम समायोजन गर्न सक्नेछ।

सामाजिक सुरक्षा कोष

७. **<u>सुविधाको लागि योगदान गर्नु पर्ने अवधि</u>**: (१) दफा ५ को उपदफा (१) को खण्ड (क) वा (ख) बमोजिमको सामाजिक सुरक्षा योजनाको सुविधा प्राप्त गर्नको लागि वैदेशिक रोजगारमा रहेको वा विदेशमा स्वरोजगारमा रहेका योगदानकर्ताले घटना घटेको मितिभन्दा अघिको बाह्र महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनु पर्नेछ।

(२) दफा ५ को उपदफा (१) को खण्ड (ग) बमोजिमको सुविधा प्राप्त गर्न योगदानकर्ताले वैदेशिक रोजगारी वा विदेशको स्वरोजगार अन्त्य गरी नेपाल फर्किएको हुनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि योगदानकर्ताले निवृत्तभरण योजनामा जम्मा भएको रकम र सो रकममा कोषले गरेको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल योगदान रकम एकमुष्ठ लिने वा सो रकमलाई एकसय साठीले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजको जीवनकालभर निवृत्तभरण लिने मध्ये कुनै एउटा विकल्पको छनौट गर्न सक्नेछ।

सामाजिक सुरक्षा कोष

## परिच्छेद-४

## दुर्घटना तथा अशक्तता र आश्रित परिवार सुरक्षा योजना

८. **योजनाबाट प्राप्त गर्ने सुविधा**: वैदेशिक रोजगारीमा रहेका श्रमिक वा विदेशमा स्वरोजगारमा रहेको योगदानकर्ताको दुर्घटना भएमा दुर्घटना वापतको सुविधा र दुर्घटनाबाट अशक्तता सृजना भएमा अशक्तता वापतको यस योजना अन्तर्गतका सुविधा प्रदान गरिनेछ।

९. **सुविधाको सीमा**: (१) वैदेशिक रोजगारीमा रहेका श्रमिक वा विदेशमा स्वरोजगारमा रहेका योगदानकर्तालाई देहायको अवस्थामा यस योजना बमोजिम देहाय बमोजिम सुविधा प्रदान गरिनेछः-

(क) दुर्घटनामा परेको योगदानकर्ताले अस्पताल भर्ना भई उपचार गराउँदाको अवस्थाको एक लाख रुपैयाँसम्मको उपचार खर्च योगदानकर्तालाई कोषले भुक्तानी गर्ने छ। यस्तो उपचार खर्चको भुक्तानी कोषले निर्धारण गरेको दर रेटका आधारमा हुन आएको कुल खर्च रकमको असी प्रतिशत वा प्रति वर्ष एक लाख मध्ये जुन कम हुन्छ सो हद सम्मको रकम उपचार गरेको आवश्यक प्रमाण पेश गरेपश्चात सम्बन्धित व्यक्तिको खातामा भुक्तानी हुनेछ।

(ख) दुर्घटनाको कारण अस्थायी पूर्ण असक्षमता भएको योगदानकर्ताले निज काममा फर्कन सक्ने अवस्था नभएसम्म न्यूनतम आधारभूत पारिश्रमिकको साठी प्रतिशत बराबरको रकम मासिक रुपमा पाउनेछ।

**स्पष्टीकरण**: यस खण्डको प्रयोजनका लागि "अस्थायी पूर्ण असक्षमता" भन्नाले दुर्घटनाको कारणबाट योगदानकर्ताले गरी आएको रोजगारी अन्तर्गतको काम अस्थायी रुपमा पूरा गर्न नसक्ने वा उपचार गर्नु पर्ने भई काम गर्न नसक्ने भएको अवस्था सम्झनु पर्छ।

(ग) दुर्घटनाका कारण स्थायी असक्षमता भएको योगदानकर्ताको असक्षमताको अनुपातमा न्यूनतम आधारभूत पारिश्रमिकको साठी प्रतिशत बराबरको रकमलाई शतप्रतिशत मानी निजको असक्षमता प्रतिशतको आधारमा जीवनकालभर निवृत्तभरण सुविधाबापत मासिक रुपमा रकम पाउनेछ।

<u>**स्पष्टीकरणः**</u> यस खण्डको प्रयोजनका लागि “स्थायी असक्षमता” भन्नाले कुनै दुर्घटनाको कारणबाट योगदानकर्ताले गरी आएको रोजगारी अन्तर्गतको काम स्थायी रुपमा पूरा गर्न नसक्ने गरी शरीरको कुनै अङ्ग अशक्त भएको वा निजले प्राप्त गर्ने वैकल्पिक रोजगारीबाट हुने आय पहिलेको रोजगारीबाट हुने आयभन्दा कम भएको अवस्था सम्झनु पर्छ।

(घ) दुर्घटनाको कारण स्थायी पूर्ण असक्षमता भएको योगदानकर्ताले न्यूनतम आधारभूत पारिश्रमिकको साठी प्रतिशत बराबरको रकम मासिक रुपमा निज जीवित रहुञ्जेल निजलाई दिइनेछ। त्यस्तो योगदानकर्ता हिँडडुल गर्न नसक्ने अवस्थामा भएमा निजलाई हेरचाह गर्ने परिवारको सदस्य वा त्यस्तो सदस्य पनि नभएमा वा भएपनि हेरचाह नगरेकोमा निजलाई हेरचाह गर्ने अन्य व्यक्ति वा संस्थालाई सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सिफारिसमा भुक्तानी गरिनेछ।

<u>**स्पष्टीकरणः**</u> यस खण्डको प्रयोजनका लागि “स्थायी पूर्ण असक्षमता” भन्नाले दुर्घटना कारणबाट योगदानकर्ताले गरिआएको रोजगारी अन्तर्गतको कामको अतिरिक्त अन्य रोजगारी, आय आर्जन हुने काम समेत गर्न वा पाउन नसक्ने अवस्था सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको असक्षमताको प्रतिशतको निर्धारण दफा १० बमोजिम निर्धारण गरिनेछ र सो बमोजिम असक्षमताको अवस्थाको पुनरावलोकन गर्दा असक्षमताको अवस्थामा परिवर्तन आएमा सोही बमोजिम सुविधामा फेरबदल हुन सक्नेछ।

(३) यस दफा बमोजिम असक्षमता प्रतिशतको आधारमा प्रदान गरिने निवृत्तभरण रकममा बीमाङ्कीको प्रतिवेदनको आधारमा कोषको सञ्चालक समितिले निर्धारण गरे बमोजिमको दरले मुद्रास्फीति समायोजन गरिनेछ।

१०. <u>**असक्षमताको प्रतिशतको किटान र पुनरावलोकनः**</u> (१) असक्षमताको प्रतिशत किटान सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ को दफा ३० बमोजिमको स्वास्थ्य परीक्षण समितिले गर्नेछ।

(२) यस परिच्छेद बमोजिमको असक्षमताको प्रतिशत प्रत्येक पाँच वर्षमा उपदफा (१) बमोजिमको समितिले पुनरावलोकन गर्नेछ।

(३) योगदानकर्ता असक्षमता प्रतिशतको अन्तिम पुनरावलोकन निजको उमेरको अन्ठाउन्नौं वर्षमा हुनेछ र सो असक्षमताको प्रतिशतमा आएको परिवर्तनको आधारमा दफा ९ बमोजिम दिने निवृत्तभरण रकममा परिवर्तन हुन सक्नेछ।

११. **<u>आश्रित परिवार सुरक्षा योजनाबाट प्राप्त गर्ने सुविधा</u>**: योगदानकर्ताको मृत्यु भएमा निजको आश्रित परिवारलाई आश्रित परिवार सुरक्षा योजना अन्तर्गत देहायका सुविधा प्रदान गरिनेछ :-

(क) पति वा पत्नीले पाउने निवृत्तभरण,
(ख) सन्ततिले पाउने शैक्षिक वृत्ति,
(ग) अन्तिम संस्कार खर्च।

१२. **<u>योगदानकर्ताको पति वा पत्नीले निवृत्तभरण पाउने</u>**: (१) जुनसुकै कारणबाट योगदानकर्ताको मृत्यु भएमा निजको पति वा पत्नीले न्यूनतम आधारभूत पारिश्रमिकको चालिस प्रतिशतका दरले निजले जीवनभर निवृत्तभरण पाउनेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि योगदानकर्ताको पति वा पत्नीले अर्को विवाह गरेमा यो सुविधा दिईने छैन।

तर, बैकल्पिक आम्दानी श्रोत समाप्तभई वृद्ध अवस्था अन्तर्गतको निवृत्तभरण समेत प्राप्त गर्ने अवस्था नरहेमा कोषमा निवेदन दिई यस दफा बमोजिमको निवृत्तभरण सुविधा माग गर्न सकिनेछ।

(३) यस परिच्छेद बमोजिम प्रदान गरिने निवृत्तभरण रकममा बीमाङ्कीको प्रतिवेदनको आधारमा कोषको सञ्चालक समितीले निर्धारण गरे बमोजिमको दरले मुद्रास्फीति समायोजन गरिनेछ।

१३. **<u>योगदानकर्ताको सन्ततिले शैक्षिक वृत्ति पाउने</u>**: (१) योगदानकर्ताको मृत्यु भएको अवस्थामा निजको अठार वर्ष उमेर पूरा नभएको सन्ततिले सो उमेर पूरा नभएसम्म शैक्षिकवृत्ति बापत न्यूनतम आधारभूत पारिश्रमिकको चालीस प्रतिशत रकम मासिक रुपमा पाउनेछ।

तर एक भन्दा बढी सन्तती सुविधा पाउने अवस्थाको भएमा सो रकम सुविधा पाउने सबै सन्ततिलाई दामासाहीले प्रदान गरिनेछ। अठार बर्ष पुगेको सन्ततिले पाउने सुविधा बापतको रकम अन्य सन्ततिमा समायोजन हुने छैन।

सामाजिक सुरक्षा कोष

(२) योगदानकर्ताको कुनै सन्तती निरन्तर अध्ययनरत रहेमा त्यस्तो सुविधा एक्काइस वर्षको उमेर पूरा नभएसम्म प्रदान गर्न सकिनेछ।

तर निजको विवाह भएमा वा अध्ययन पूरा भएमा त्यस्तो सुविधा प्रदान गरिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि योगदानकर्ताको बाबु आमाको बैकल्पिक आम्दानी भएमा वा अर्को विवाह गरेमा वा मृतकसँग आश्रित नरहेमा यस्तो सुविधा दिईने छैन।

१४. **<u>बाबु आमाले सुविधा पाउन सक्ने</u>**: (१) योगदानकर्ताको एकाघरको पति वा पत्नी वा छोरा वा छोरी नभएको तर निजसँग आश्रित बाबु आमा रहेछन् भने निजलाई न्यूनतम आधारभूत पारिश्रमिकको चालिस प्रतिशत रकम निजको जीवनकालभर मासिक रुपमा प्रदान गरिनेछ।

तर बाबु आमा दुवै जीवित भएमा दुवैको सहमतीमा कुनै एक जनालाइ र सहमती नभएमा दुवैलाई दामासाहीले सुविधा प्रदान गरिनेछ।

१५. **<u>अन्तिम संस्कार खर्च पाउने</u>**: जुनसुकै कारणबाट योगदानकर्ताको मुत्यु भएमा निजको अन्तिम संस्कारको लागि निजको नजिकको आश्रित परिवार सदस्य वा हकवालालाई पच्चीस हजार रुपैयाँ एकमुष्ठ उपलब्ध गराईनेछ।

सामाजिक सुरक्षा कोष

## परिच्छेद-५

## <u>वृद्ध अवस्था सुरक्षा योजना</u>

१६. **<u>योजनामा सहभागी हुने</u>**: (१) कोषले दफा ६ को उपदफा (१) को खण्ड (ख) बमोजिमको रकमबाट वृद्ध अवस्था सुरक्षा योजना सञ्चालन गर्नेछ।

(२) यस योजनाको लागि योगदानकर्ताले जम्मा गरेको रकमबाट निवृत्तभरण योजना र त्यसको अतिरिक्त जम्मा गरेको रकमबाट अवकाश बचत योजना सञ्चालन गर्न सकिनेछ।

१७. **<u>अवकाश वचत योजना</u>**: (१) योगदानकर्ताले अवकाश वचत योजनामा जम्मा गरेको रकम र यसले आर्जन गरेको प्रतिफल योगदानकर्ताको वैदेशिक रोजगारी अन्त्य भएपछि र विदेशको स्वरोजगारी छाडी फर्किए पछि एकमुष्ठ उपलब्ध गराइने छ।

तर योगदानकर्ताले निवेदन दिएमा यस्तो रकमलाई निवृत्तभरण योजनामा हस्तान्तरण गर्न सकिनेछ।

(२) अवकाश वचत योजनामा जम्मा भएको रकममा कोषले ग्यारेण्टी व्याजदर प्रतिफल दर निर्धारण गर्न सक्नेछ।

(३) अवकाश वचत योजनामा जम्मा भएको रकमलाई लगानी प्राथमिकताको आधारमा समितिले तोकिदिएको मापदण्ड अनुसार अधिकतम प्रतिफल प्राप्त हुनेगरी उपयुक्त कम्पनीको शेयर वा पोर्टफोलियो लगायतका क्षेत्रमा लगानी गर्न र स्वदेश फर्किएर स्वरोजगारी गर्न चाहेमा योगदानकर्तालाई सञ्चालक समितिबाट स्वीकृत मापदण्ड बमोजिम व्यवसाय प्रवर्द्धन कर्जा दिन सक्नेछ।

१८. **<u>निवृत्तभरण योजना अन्तर्गत पाउने सुविधा</u>**: निवृत्तभरण योजनामा योगदान गर्ने योगदानकर्तालाई देहायको अवस्थामा देहाय बमोजिम सुविधा प्रदान गरिनेछ :-

(क) योगदानकर्ताको साठी वर्ष उमेर पूरा भएपछि निवृत्तभरण योजनामा जम्मा भएको रकम र सो रकममा कोषले गरेको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल योगलाई एकसय साठीले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजको जीवनकालभर निवृत्तभरण पाउनेछ।

(ख) कुनै योगदानकर्ताको सुविधा प्राप्त गर्ने उमेर नपुग्दै मृत्यु भएमा निजको हकवालालाई निजले कोषमा गरेको योगदान र कोषको

सामाजिक सुरक्षा कोष

लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल योगदान रकम एकमुष्ठ रुपमा प्रदान गरिनेछ।

१९. **<u>पति वा पत्नीले निवृत्तभरण पाउने</u>**: (१) कुनै योगदानकर्ताले निवृत्तभरण प्राप्त गर्न शुरु गरे पछि मृतकको पति वा पत्नीलाई योगदानकर्ताले पाइरहेको निवृत्तिभरणको पचास प्रतिशतले हुन आउने रकम आजीवन निवृत्तभरण प्रदान गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि योगदानकर्तासँग निजको वैवाहिक सम्बन्ध कायम नरहेको अवस्थामा यो सुविधा प्रदान गरिने छैन।

२०. **<u>प्रतिफल प्रदान गर्ने</u>** : (१) कोषले यस परिच्छेद बमोजिमका योजना सञ्चालन गर्दा व्याजदर निर्धारण भएकोमा सोही दरलाई प्रतिफल मानिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिफलको अतिरिक्त कोषले प्राप्त गरेको मुनाफाको आधारमा योगदानकर्तालाई थप प्रतिफल प्रदान गर्न बाधा पर्ने छैन।

२१. **<u>निवृत्तभरण रकममा समायोजन</u>**: यस परिच्छेद बमोजिम प्रदान गरिने निवृत्तभरण रकममा बीमाङ्कीको प्रतिवेदनको आधारमा समितिले निर्धारण गरे बमोजिमको दरले समायोजन गरिनेछ।

सामाजिक सुरक्षा कोष

## परिच्छेद-६

## विविध

२२. **छुट तथा सहुलियतः** यस योजनामा सहभागी योगदानकर्ताले देहायका छुट तथा सहुलियत प्राप्त गर्न सक्नेछन्ः-

(क) कोषमा योगदान गर्नु पर्ने छ महिना भन्दा बढी अवधिको रकम अग्रीम रुपमा कोषमा जम्मा गर्ने योगदानकर्तालाई सञ्चालक समितिले निर्णय गरी जम्मा गर्नुपर्ने रकमको दश प्रतिशतसम्म छुट दिन सक्नेछ।

(ख) परिच्छेद-४ बमोजिम प्रदान गरिने सुविधाहरुमा लगातार तीन वर्षसम्म प्रयोग नगर्ने योगदानकर्ताले निवृत्तभरण योजनामा सहभागी हुनेगरी निवेदन दिएमा सञ्चालक समितिले निर्णय गरी उक्त योजनामा जम्मा भएको रकमको २० प्रतिशतसम्म वृद्धावस्था सुरक्षा योजनामा जम्मा गरिनेछ।

(ग) सम्वन्धित देशमा बसोवासको लागि लाग्ने खर्च कटाइ वार्षिक आम्दानीको कम्तिमा ७० प्रतिशत रकम बैकिङ माध्यमबाट नेपाल पठाएको प्रमाण पेश गरेमा सञ्चालक समितिले निर्णय गरी वृद्धावस्था सुरक्षा बाहेकका योजनाहरुमा जम्मा गर्नु पर्ने रकममा २० प्रतिशत सम्म छुट दिन सकिनेछ।

२३. **योजना अन्तर्गतका सुविधा प्राप्तिका लागि प्रक्रियाः** यस कार्यविधि बमोजिमका सामाजिक सुरक्षा योजनामा सहभागी योगदानकर्ताले सुविधा प्राप्त गर्ने प्रक्रिया, सुविधा पाउनको लागि दिनु पर्ने निवेदनका ढाँचा र भुक्तानी सम्बन्धी प्रक्रिया तथा तत् सम्बन्धी निर्णय कोषको सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ को व्यवस्था बमोजिम हुनेछ।

२४. **बैङ्क खाता खोलेको हुनु पर्नेः** योगदानकर्ता वा निजको हकवालालाई सुविधा बापतको रकम नेपालमा बैङ्क खाता मार्फत भुक्तानी दिइनेछ।

२५. **खर्च र सोको लेखाङ्कनः** (१) यस कार्यविधि अन्तर्गत योगदानकर्तालाई उपलब्ध गराउने सुरक्षा योजनाको सुविधा एवं कार्यविधि कार्यान्वयनका क्रममा लाग्ने अन्य रकमको आर्थिक व्ययभार कोषबाट व्यहोरिने गरी कोषको सञ्चालक समितिले निर्णय गर्न सक्नेछ।

(२) यस कार्यविधि अन्तर्गत भुक्तानी भएको सुविधाको अभिलेख सम्बन्धित योगदानकर्ताको अभिलेखमा गरेको योगदान र प्राप्त गरेको सुविधाको विवरण स्पष्ट खुलाई राख्नु पर्नेछ।

सामाजिक सुरक्षा कोष

२६. **<u>एक भन्दा बढी योजनाबाट सुविधा नदिईने</u>**: यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम सञ्चालित एक भन्दा बढी सामाजिक सुरक्षा योजनाबाट दोहोरो हुने गरी मासिक निवृत्तभरण वा अन्य सुविधा दिईने छैन।

२७. **<u>जगेडामा रकम राख्नु पर्ने</u>**: ऐनको दफा ५३ बमोजिम यस कार्यविधिमा उल्लिखित योजनाको लागि कम्तीमा छ महिना बराबरको रकम जगेडामा राख्नु पर्नेछ।

२८. **<u>योगदान र सुविधाको दर थपघट हुन सक्ने</u>**: ऐनको दफा ३६ बमोजिम बीमाङ्कीद्वारा पेश भएको प्रतिवेदनको आधारमा यस योजनाको लागि तोकिएको योगदानको दर र सुविधामा कोषको सञ्चालक समितिले थप घट गर्न सक्नेछ।

२९. **<u>योजनाको निरन्तरता:</u>** (१) यस कार्यविधि बमोजिमको योजनामा सहभागि भएको योगदाकर्ताले नेपाल फर्किए पछि सो योजनालाई निरन्तरता दिन सक्नेछ।

(२) यस कार्यविधि बमोजिमको योजनामा सहभागि भएको योगदानकर्ताले नेपाल फर्किए पछि  औपचारिक क्षेत्रमा श्रमिकको रुपमा नियुक्त भएमा यस कार्यविधि बमोजिमका सामाजिक सुरक्षा योजनालाई कोषले औपचारिक क्षेत्रमा श्रमिकको लागि सञ्चालित सामाजिक सुरक्षा योजना बमोजिम गर्नु पर्ने योगदान गरी  औपचारिक क्षेत्रमा श्रमिकको लागि सञ्चालित सामाजिक सुरक्षा योजनामा रुपान्तरण गरी निरन्तरता दिन सक्नेछ।

(३) यस कार्यविधि बमोजिमको योजनामा सहभागि भएको योगदानकर्ताले नेपाल फर्किए पछि अनौपचारिक क्षेत्रको श्रमिकको रुपमा काम गर्ने भएमा वा स्वरोजगारीमा रहेमा त्यस्तो क्षेत्रका श्रमिक वा स्वरोजगारीमा रहेका व्यक्तिको लागि सञ्चालित सामाजिक सुरक्षा योजना बमोजिम गर्नु पर्ने योगदान गरी अनौपचारिक क्षेत्रमा श्रमिक वा स्वरोजगारीमा रहेको व्यक्तिको लागि सञ्चालित सामाजिक सुरक्षा योजनामा रुपान्तरण गरी निरन्तरता दिन सक्नेछ।

३०. **<u>यस कार्यविधि बमोजिम सुविधा लिन बाधा नपर्ने:</u>** दुर्घटनाको उपचार वाहेक यस योजनामा तोकिए बमोजिमका सुविधाहरु श्रम गन्तब्य मुलुकले समेत प्रदान गरेको रहेछ भने पनि कोषबाट यस कार्यविधि बमोजिमका योजना बमोजिमको सुविधा लिन बाधा पर्ने छैन।

३१. **<u>व्याख्या वा बाधा अड्काउ फुकाउन सक्ने:</u>** यस कार्यविधिको कार्यन्वयनमा कुनै द्विविधा भएमा समितिले व्याख्या गर्न वा बाधा अड्काउ फुकाउन सक्नेछ।

सामाजिक सुरक्षा कोष